आज मिति २०७४ साल साउन २८ गते शनिबारका दिन बाँफिकोट गाउँ कार्यपालिकाका अध्यक्ष श्री धर्मबहादुर के.सी. ज्यू को अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी ~~विभिन्न~~ प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

**उपस्थितिः**

| | | |
|---|---|---|
| १. धर्मबहादुर के.सी. अध्यक्ष | | |
| २. मनकला पुन | उपाध्यक्ष | |
| ३. हर्कु मल्ल | वडाध्यक्ष | वडा नं. १ |
| ४. धनबहादुर खत्री | वडाध्यक्ष | वडा नं. २ |
| ५. चन्द्रबहादुर के.सी. | वडाध्यक्ष | वडा नं. ३ |
| ६. लिलाराम वि.क. | वडाध्यक्ष | वडा नं. ४ |
| ७. कस्तुप प्रकाश दहाल | वडाध्यक्ष | वडा नं. ५ |
| ८. मनोज कुमार अधिकारी | वडाध्यक्ष | वडा नं. ६ |
| ९. नर बहादुर खत्री | वडाध्यक्ष | वडा नं. ७ |
| १०. मन बहादुर के. सी. | वडाध्यक्ष | वडा नं. ८ |
| ११. श्री कविराम खत्री | वडाध्यक्ष | वडा नं. ९ |
| १२. श्री अर्जुन चन्द | वडाध्यक्ष | वडा नं. १० |
| १३. श्री सीता खड्का के.सी. | सदस्य | |
| १४. श्री जनकुमारी खत्री | सदस्य | |

कार्यकारी अधिकृत

१५. श्री झरना शाही सदस्य

१६. श्री तार बुढा के.सी. सदस्य

१७. श्री शेरु विश्वकर्मा सदस्य

१८. श्री मन बहादुर वादी सदस्य

कार्यकारी अधिकृत

**प्रस्तावहरुः**

१. शोक प्रस्ताव सम्बन्धमा ।

**निर्णयहरुः**

१. बाँफिकोट गाउँपालिका वडा नं. ७ का निर्वाचित वडा सदस्य श्री गोरख बहादुर कुसारीको अज्ञात रोगका कारण उपचारका क्रममा यही मिति २०७४ साल साउन २० गते बिहान ४:१५ बजे नेपालगञ्जमा भएको असामयिक एवम् दुखदायी निधन भएकोमा गाउँ कार्यपालिकाको आजको पहिलो बैठकबाट नवौं पुण्य तिथिको दिनमा मृतकको आत्माको चीर शान्तिको कामना सहित शोक संतप्त परिवार प्रति हार्दिक समवेदना प्रकट गर्दै अध्यक्ष श्री धर्मबहादुर के.सीज्यूले पेश गर्नु भएको शोक प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

वडा नं. ७ का दिवंगत वडा सदस्य स्व. गोरख बहादुर कुसारीको विवरण निम्नानुसार रहेको छः

बाबुको नामः रंगे कुसारी

आमाको नामः अनन्ती कुसारी

नागरिकता नं २३६(०३८)/५८९,

जन्म मितिः २०३३-०३-१०

पत्नीको नामः प्रेमा कुसारी

छोराः ६ छोरा, १ छोरी, २ नाति, १ नातिनी

यो शोक प्रस्ताव पारित गर्दै आजको बैठक आधा घण्टाका लागि स्थगित गरियो ।

आज मिति २०७४ साल साउन २८ गते शनिबारका दिन बाँफिकोट गाउँ कार्यपालिकाका अध्यक्ष श्री धर्मबहादुर के.सी. ज्यू को अध्यक्षतामा गाउँ कार्यपालिकाको दोस्रो बैठक बसी विभिन्न प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

उपस्थितिः

| | | |
|---|---|---|
| १. धर्मबहादुर के.सी. | अध्यक्ष | |
| २. मनकला पुन | उपाध्यक्ष | |
| ३. हर्कु मल्ल | वडाध्यक्ष | वडा नं. १ |
| ४. धनबहादुर खत्री | वडाध्यक्ष | वडा नं. २ |
| ५. चन्द्रबहादुर के.सी. | वडाध्यक्ष | वडा नं. ३ |
| ६. लिलाराम वि.क. | वडाध्यक्ष | वडा नं. ४ |
| ७. कस्तुप प्रकाश दहाल | वडाध्यक्ष | वडा नं. ५ |
| ८. मनोज कुमार अधिकारी | वडाध्यक्ष | वडा नं. ६ |
| ९. नर बहादुर खत्री | वडाध्यक्ष | वडा नं. ७ |
| १०. मन बहादुर के. सी. | वडाध्यक्ष | वडा नं. ८ |
| ११. श्री कविराम खत्री | वडाध्यक्ष | वडा नं. ९ |
| १२. श्री अर्जुन चन्द | वडाध्यक्ष | वडा नं. १० |
| १३. श्री सीता खड्का के.सी. | सदस्य | |
| १४. श्री जनकुमारी खत्री | सदस्य | |

कार्यकारी अधिकृत

१५. श्री झरना शाही — सदस्य

१६. श्रा तारा बुढा के.सी. — सदस्य

१७. श्री शेरु विश्वकर्मा — सदस्य

१८. श्री मन बहादुर वादी — सदस्य

कार्यकारी अधिकृत

**प्रस्तावहरुः**

१. सशर्त अनुदानको रकम पूँजीगतबाट कटाई चालू तर्फ राख्ने सम्बन्धमा ।
२. वडा सचिवको जिम्मेवारी सम्बन्धमा ।
३. प्राविधिक कर्मचारी पदपूर्ति सम्बन्धमा ।
४. प्राविधिक कन्टिन्जेन्सी रकम निर्धारण सम्बन्धमा ।
५. विद्युतीकरणको लगत सम्बन्धमा ।
६. सम्पत्ति विवरण सम्बन्धमा ।
७. आन्तरिक लेखा परीक्षण सम्बन्धमा ।
८. वडा कार्यालय व्यवस्थापन सम्बन्धमा ।
९. प्रवक्ता तोक्ने सम्बन्धमा ।
१०. स्थानीय जनसताबाट लिखत पारित भएका घरजग्गाको सम्बन्धमा ।
११. व्यवसाय दर्ता सम्बन्धमा ।
१२. राहत सम्बन्धमा ।
१३. पाले सम्बन्धमा ।
१४. दिवंगत वडा सदस्य गोरखबहादुर कुसारीको राहत सम्बन्धमा ।
१५. विद्यालय क्षेत्रलाई नियमित गर्ने सम्बन्धमा ।

**निर्णयहरुः**

१. प्रस्ताव नं. १ मा छलफल गर्दा बाँफिकोट गाउँपालिकाका लागि नेपाल सरकारबाट प्राप्त सशर्त अनुदान वापत्को रकम रु. ८९२८२०००।- (अक्षरुपी आठ करोड बयानब्बे लाख बयासी हजार रुपियाँ मात्र) बजेट तर्जुमा गर्दा पूँजीगत तर्फ जोडिन गएको हुँदा सो रकमलाई चालू तर्फ सार्ने र यो निर्णयलाई ६ महिनाभित्र गाउँसभाबाट पारित गराउने निर्णय गरियो ।

२. हाल कार्यरत वडा सचिवहरु मध्ये निम्नानुसार वडाको जिम्मेवारी दिने निर्णय गरियोः

क) वडा नं. १: गणेश वि.क.

ख) वडा नं. २: सन्देश चन्द (स्वास्थ्य चौकी इन्चार्ज)

ग) वडा नं. ३: ज्ञानबहादुर खड्का

घ) वडा नं. ४: ज्ञानबहादुर खड्का

ङ) वडा नं. ५: ज्ञानबहादुर खड्का

च) वडा नं. ६: शशिराम के.सी. (स्वास्थ्य चौकी इन्चार्ज)

छ) वडा नं. ७: ~~लोकबहादुर ओली~~ मोहरलाल ओली

ज) वडा नं. ८: मोहन रिजाल

झ) वडा नं. ९: देवबहादुर चन्द

ञ) वडा नं. १०: अमर खड्का

कार्यकारी अधिकृत

उपरोक्त बमोजिमका वडा सचिवहरुलाई पञ्जीकरणको जिम्मेवारी समेत दिने निर्णय गरियो । साथै सानी भेरी गाउँपालिका बाट सरुवा भई आएका कार्यालय सहयोगी डुमे खत्रीलाई वडा नं. ६ को कार्यालय सहयोगीको जिम्मेवारी दिने निर्णय गरियो । सबै वडा सचिवहरुलाई भदौ १ गतेदेखि नियमित हुन निर्देशन दिने र अनियमित हुने वडा सचिवहरुलाई प्रचलित नियम कानून अनुसार कारवाही गर्ने निर्णय गरियो ।

३. बाँफिकोट गाउँ कार्यपालिकामा स्वीकृत दरबन्दी अनुसार १ जना ओभरसियर, २ जना सब ओभरसियर र १ जना कम्प्युटर अपरेटरको पदपूर्ति गर्नका लागि प्रकृया शुरु गर्ने निर्णय गरियो । यसका लागि निम्न बमोजिमको पदपूर्ति समिति गठन गर्ने निर्णय गरियोः

| | | | |
|---|---|---|---|
| क) धर्मबहादुर के.सी. | अध्यक्ष | | संयोजक |
| ख) मनबहादुर के. सी | वडा अध्यक्ष | वडा नं. ८ | सदस्य |
| ग) झरना शाही | गाउ कार्यपालिका सदस्य | | सदस्य |

४. यस गाउँ पालिका अन्तरगत विनियोजित विकास निर्माणका योजनाहरुको रकममध्ये ३ प्रतिशत रकम ~~प्राविधिक~~ कन्टिन्जेन्सी वापत् छुट्याउने निर्णय गरियो ।

५. बाँफिकोट गाउँपालिका क्षेत्रभित्र निम्न स्थानहरुमा विद्युतीकरण विस्तार तथा मर्मत गर्ने बाँकी रहेकोले ~~सम्बन्धित निकायमा सिफारिस~~ ने.वि.प्रा.मा. माग गरी पठाउने निर्णय गरियो ।

| वडा नं. | विस्तार गर्न बाँकी | मर्मत गर्नुपर्ने |
|---|---|---|
| १ | वडा कार्यालय देखि तार्सुकाँडा सम्म<br>द्वारे चोक<br>साँदनमुरा<br>दारिमपाटा | तल्लो देखि माथिल्लो गाउँ |

| | | |
|---|---|---|
| २ | कुनाखेत पुरानागाउँ रुखाबाङ काँडा मेलपोखरा मेलसैरी दब्लाङ जोगिनीमेला रतुवाकाटे भाटी, स्वाँरा, भाटीखे | काठका पोलको विस्थापन |
| ३ | झिमु फेरा सर्सुकाँडा पैंयाबारा भोटेनीगारे खोया पनेरा दाब्ने | काठका पोल विस्थापन |
| ४ | नेटापोखरा जुगेना भुवाटाकुरा दाङ | काठका पोल विस्थापन |
| ५ | लिखाबाङ लाइन विस्तार बडगाउँ ढाँर स्यार्पु खारखोला सिउबाङ अनिका गाउँ सिमलेख | काठको पोल विस्थापन |
| ६ | दलितवस्ती सबै, आला बाँकी, स्याला मेलडाँडा साविक मग्मा जिपिसिङ | |
| ७ | चौर मेलचौर पाखाखेत धुलिङ्गा मैचु डाडुगाउँ ढारबाङ दोबाटाचौर दुवानाथ नदुवा सुनछहरी गोरकाँडा बाँसथला डाब | |
| ८ | ट्रान्समिटर ५० केभिए पोखरा मैनेरी तुरीधारा कसेरी बेसीबजार स्याला हलबाधे नेसीबजार सिर्प भेडाखोर | |
| ९ | सिंगाखोला जिम्पी पाखा बथानडाँडा सालघारी लहरेचिउरा तार्सिबाङ गुण्टाली स्यालाखेत बालाबाङ गरबाङ पुरानागाउँ घुतुलाङ्दु मोराबाङ भित्ता काप्रा फिउचा रातीगाउँ कमसेलगैरा सिँहकोट पिपल काल्ना चारखुट्टे कालेगाउँ गोभङ लुटिबाङ स्याला | काठको पोल विस्थापन |
| १० | पुरानो ठाँटी राजापुर गाराबाङ टुटुरे<br>नौवापाखा जोर सेजे ठूलाखर्क<br>कुनसाले नयाठाँटी मैतुलोटे दुदेपाखा | |

६. सबै गाउँपालिकाका निर्वाचित पदाधिकारीहरुले यही मिति २०७४।०५।२० गते सम्ममा सम्पति विवरण बुझाइसक्ने निर्णय गरियो ।

७. आर्थिक वर्ष २०७३/७४ को आन्तरिक लेखा परीक्षण बाँफिकोट गाउँ कार्यपालिकाको कार्यालयमा नै गर्ने निर्णय गरियो ।

८. वडा कार्यालय व्यवस्थापनका लागि घरभाडा सम्झौता भएपछि १० दिनभित्र खरिद भएका फर्निचर र मेशिनरी सामान उपलब्ध गराउने निर्णय गरियो । कार्यपालिकामा मौज्दात रहेका सामग्रीहरु सकेसम्म छिटै वडा कार्यालयलाई उपलब्ध गराउने निर्णय गरियो ।

९. गाउँ कार्यपालिकाबाट भए गरेका निर्णयहरुको जानकारी सर्वसाधारणमा उपलब्ध गराउने प्रयोजनका लागि वडा नं. ८ का वडाध्यक्ष मन बहादुर के.सी. लाई प्रवक्ता तोक्ने निर्णय गरियो ।

१०. २०७४ साउन मसान्तसम्म संकलित द्वन्द्वकालमा स्थानीय जनसत्ताबाट रजिष्ट्रेसन लिखत पारित भएका घरजग्गाको अभिलेखमा उल्लखित लेनदेन कर्ताहरुलाई मेलमिलापको विधिबाट वडा कार्यालयमा उपस्थित गराई ती लिखतलाई मान्यता दिने गरी छलफल प्रकृया अघि बढाउने निर्णय गरियो ।

११. २०७४ भदौ १ गते देखि अनुमति लिई व्यवसाय दर्ता कर सम्बन्धित वडा कार्यालयबाट असुल गर्ने निर्णय गरियो । सो कार्यका लागि यही २०७४ भदौ मसान्तसम्ममा सबै व्यवसायीलाई सूचना दिने निर्णय गरियो ।

१२. विभिन्न प्राकृतिक विपत्ति तथा अन्य विभिन्न घटनाहरुमा परी धनजनको क्षति भएको अवस्थामा यस गाउँ कार्यपालिकाको तर्फबाट निम्न बमोजिमको राहत दिने निर्णय गरियो ।

| क्रस | विवरण | क्षतिपूर्ति रकम | कैफियत |
|---|---|---|---|
| १ | आगजनी र घर ध्वंश | १०,०००।- | घर मात्र । |
| २ | आगलागी, बाढी पहिरो र चट्याङमा परी चौपाया क्षति । | प्रतिगोटा भैंसी २,५००।- गाइ गोरु प्रतिगोटा १,०००।- | |
| ३ | बाढीपहिरोले घर बगाएको | २०,०००।- | |
| ४ | मानवीय क्षति | २५,०००।- | |
| ५ | घर भत्किएको बस्न नमिल्ने | ५,०००।- | |

१३. यस अघि गाउँकार्यपालिकाको कार्यालयको सुरक्षा गर्ने गरी सेवा करारमा लिइएका चन्द्र बहादुर खत्रीलाई सोही पदमा कार्य गर्ने गरी मिति २०७४।०४।०१ गतेदेखि ६ महिनाका लागि मात्र नयाँ करार सम्झौता गरी म्याद थप गर्ने निर्णय गरियो ।

१४. यस गाउँपालिकाका वडा नं. ७ का निर्वाचित वडा सदस्य गोरख बहादुर कुसुरी उपचारको क्रममा निधन भएको हुँदा उहाँको परिवारलाई ~~सहयोग~~ स्वरुप रु. ५०,०००।-(पचास हजार रुपियाँ मात्र) गाउँ कार्यपालिकाको तर्फबाट उपलब्ध गराउने निर्णय गरियो ।

१५. गाउँपालिका भित्रका विद्यालयहरुमा गाउँ कार्यपालिकाका सदस्यहरुले नियमित अनुगमन अनुगमन गर्ने निर्णय गरियो ।

कार्यकारी अधिकृत

बैठक नं. .........

मिति: २०७४।५।२७ गते सोमबार

समय: १:०० बजे दिउसो

स्थान : बाँफीकोट गाउँकायपालिकाको सभाहल बाँफीकोट रुकुम

आज मिति २०७४।५।२७ गते सोमबारका दिन बाँफीकोट गाउँकार्यपालिकाका अध्यक्ष श्री धर्मबहादुर के.सी. ज्युको अध्यक्षतामा बाँफीकोट गाउँपालिकाको बैठक बसी तपसीलको उपस्थितिमा देहायका प्रस्तावउपर छलफल गरी देहायबमोजिम निर्णय पारित गरियो ।

उपस्थिति :

श्री धर्मबहादुर के.सी., अध्यक्ष बाँफीकोट गाउँ कार्यपालिकाको कार्यालय बाँफीकोट

श्री मनकला पुन , उपाध्यक्ष बाँफीकोट गाउँ कार्यपालिकाको कार्यालय बाँफीकोट

श्री रविन्द्र बुढाक्षेत्री कार्यकारी अधिकृत बाँफीकोट गाउँपालिका

श्री हर्कु मल्ल ,वडा अध्यक्ष वडा नं. १ बाँफीकोट गाउँपालिका

श्री धनबहादुर खत्री, वडा अध्यक्ष वडा नं. २ बाँफीकोट गाउँपालिका

श्री चन्द्रबहादुर के.सी., वडा अध्यक्ष वडा नं. ३ बाँफीकोट गाउँपालिका

श्री लिलाराम बि.क., वडा अध्यक्ष वडा नं. ४ बाँफीकोट गाउँपालिका

श्री कस्तुप प्रकाश दाहाल,वडा अध्यक्ष वडा नं. ५ बाँफीकोट गाउँपालिका

श्री मनोजकुमार अधिकारी, वडा अध्यक्ष वडा नं.६ बाँफीकोट गाउँपालिका

श्री नरबहादुर खत्री, वडा अध्यक्ष वडा नं. ७बाँफीकोट गाउँपालिका

श्री मनबहादुर के.सी., वडा अध्यक्ष वडा नं. ८ बाँफीकोट गाउँपालिका

श्री कबिराम के.सी. , वडा अध्यक्ष वडा नं. ९ बाँफीकोट गाउँपालिका

श्री अर्जुन चन्द , वडा अध्यक्ष वडा नं. १० बाँफीकोट गाउँपालिका

श्री झरना शाही , बाँफीकोट गाउँ कार्यपालिकाको कार्यालय बाँफीकोट

श्री जनकुमारी खत्री, सदस्य बाँफीकोट गाउँ कार्यपालिकाको कार्यालय बाँफीकोट

श्री तारा बुढा के.सी.,सदस्य बाँफीकोट गाउँ कार्यपालिकाको कार्यालय बाँफीकोट

श्री सिता खडका के.सी., सदस्य बाँफीकोट गाउँ कार्यपालिकाको कार्यालय बाँफीकोट

श्री शेरु विश्वकर्मा , सदस्य बाँफीकोट गाउँ कार्यपालिकाको कार्यालय बाँफीकोट

श्री मनबहादुर बादी, सदस्य बाँफीकोट गाउँ कार्यपालिकाको कार्यालय बाँफीकोट

श्री ज्ञानबहादुर खड्का नासु बाँफीकोट गाउँपालिका

प्रस्तावहरु :

१) सामाजिक सुरक्षा भत्ता निकासा तथा वितरण सम्बन्धमा ।

२) कर्मचारी तलबभत्ता निकासा तथा म्याद थप सम्बन्धमा ।

३) गोरेटो बाटो तथा सडक मर्मत सम्बन्धमा ।

४) खाता संचालन वैंक छनौट सम्बन्धमा ।

५) बैठक भत्ता सम्बन्धमा ।

६) गणक अनुगमन सम्बन्धमा ।

७) प्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धमा ।

८) आवास व्यवस्था सम्बन्धमा ।

९) वडा सचिव र कार्यालयको जिम्मेवारी तोक्ने सम्बन्धमा ।

१०) कार्यालय सहयोगीहरु ज्याला करार सम्बन्धमा

११) वडा नं. १ र ८मा स्वास्थ्य सेवा संचालन सम्बन्धमा ।

१२) गेष्टहाउस सम्वन्धमा ।

१३)द्धन्दकालीन घरजग्गा रजिष्ट्रेशन सम्बन्धमा ।

१४)सडक यातायात संचालन तथा व्यवस्थापन सम्बन्धमा ।

१५) वडा नं. १ र २को प्रशासनिक कामकाजहरु को समन्वय सम्वन्धमा ।

१६) न्यायिक समित निम्नानुसार गठन सम्बन्धमा ।

१७) स्यार्पु पर्यटन मेला संञ्चालन सम्वन्धमा ।

१८) ल्यापटप खरीद सम्बन्धमा ।

निर्णय नं. १ : प्रस्ताव नं. १ मा आबश्यक छलफल गर्दा सामाजिक सुरक्षा भत्ता यस वर्षको दशैं अगाडी नै वितरण गर्ने र सोको लागि वडा कार्यालयबाट सामाजिक सुरक्षा एम आई एस इन्ट्री नवीकरण गरी पुर्ण तयारी गर्न सवै पदाधिकारी र कर्मचारी ले तदारुकताका साथ काम गरी गाउँपालिकामा माग पेश गर्ने र गाउँपालिकाबाट वितरणहुने व्यवस्था गर्ने निर्णय पारित गरियो ।

निर्णय नं. २ :.स्ताव नं. २ मा आबश्यक छलफल गर्दा यस बाँफिकोट गाउँपालिका अन्तर्गत कार्यरत कर्मचारी हरुको प्रथम चौमासिक तलब भत्ता चाडपर्व खर्च सहित निकासा गर्ने निर्णय पारित गरियो । साथै यस बाँफिकोट गाउँपालिकामा कार्यरत शिक्षक स्वास्थ्य सेवाका कर्मचारीहरुको तलब तथा चाडपर्व खर्च निकासा गर्ने निर्णय पारित गरियो । बाँफिकोट गाउँपालिकि अन्तर्गत साविक गाविस कार्यालयका परिषद र वैठक निर्णयलाई मध्यनजर गरी अस्थायी दरबन्दी तथा करार कर्मचारी र एक गाउँ एक प्राविधिक अन्तर्गका कर्मचारीहरुलाई तोकिएको तलब भत्ता पाउने गरी अर्को व्यवस्था नभएसम्मका लागि म्याद थप गर्ने निर्णय पारित गरियो ।

निर्णय नं. ३ : प्रस्ताव नं. ३ मा आबश्यक छलफल गर्दा यस बाँफिकोट गाउँपालिका अन्तर्गत का गोरेटोबाटो तथा सडक मर्मत दशैं अगाडी वडा कार्यालयको समन्वयमा गर्ने निर्णय पारित गरियो ।

निर्णय नं. ४ : प्रस्ताव नं. ४ मा आबश्यक छलफल गर्दा यस बाँफिकोट गाउँपालिका अन्तर्गत आर्थिक कारोबार गर्न रुकुम स्थित श्री एभरेष्ट वैकलाई बाँफिकोट गाउँकार्यपालिका कार्यालय निकटमा रही संचालन गरी सामाजिक सुरक्षा लगायत अन्य कारोवार गर्नकालागि नेपाल राष्ट वैक समक्ष अनुरोध गर्ने निर्णय पारित गरियो ।

निर्णय नं. ५ : प्रस्ताव नं. ५ मा आबश्यक छलफल गर्दा यस बाँफिकोट गाउँपालिका अन्तर्गत गाउँकार्यपालिकाको बैठकमा उपस्थिति अनुसार प्रति बैठक भत्ता रु १०००। यातायात खर्च रु ५००। दुईदिन बैठक बस्नुपर्ने भएमा होटलबास रु १०००। संचार मासिक रु १०००। र वडासमितिको वैठक भत्ता रु १०००। उपस्थिति अनुसार सम्बन्धित पदाधिकारी र कर्मचारीलाई एक महिनामा तीन पटक सम्मको मात्र बैठक भत्ता भुक्तानी गर्ने निर्णय पारित गरियो ।

निर्णय नं. ६ : प्रस्ताव नं. ६ मा आबश्यक छलफल गर्दा यस बाँफिकोट गाउँपालिका अन्तर्गत वडाभरमा पारिवारीक लागत र घरधुरी सर्वेक्षण गर्ने कार्य मिति २०७४।५।२७ गतेबाट शुरु गर्ने र गणकलाई प्रति घरधुरी रु ७०।र स्टेशनरी रु ५००। का दरले सर्वेक्षण गरिसकेपछि भुक्तानी दिने निर्णय पारित गरियो । गणना कार्यलाई गाउँपालिका र वडा समितीबाट अनुगमन गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.७ : प्रस्ताव नं.७ मा आबश्यक छलफल गर्दा यस बाँफिकोट गाउँपालिका अन्तर्गतका भौतिक पुर्वाधारका योजना तथा कार्यक्रमको लगत इष्टिमेट गर्न तथा योजना कार्यक्रम संचालनगर्नका लागि प्राविधिक कर्मचारी दैनिक ज्यालामा सेवा करार गरी काम संचालन गर्न गाउँपालिकाका अध्यक्षलाई प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने जिम्मा दिने निर्णय पारित गरियो ।

निर्णय नं.८ : प्रस्ताव नं.८ मा आबश्यक छलफल गर्दा यस बाँफिकोट गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष.को लागि बाँफिकोट गाउँकार्यपालिका कार्यालय निकट सुविधाजनक आवासको व्यवस्था गर्न तत्काल घरभाडा लिनकालागि प्रक्रिया शुरु गर्न निर्णय पारित गरियो ।

निर्णय नं. ९ : प्रस्ताव नं. ९मा आबश्यक छलफल गर्दा बाँफिकोट गाउँपालिका वडा नं. ६ र ७ को वडा सचिवको काम वडा सचिव श्री मोहनलाल ओलीलाई कामकाज गर्ने गरी जिम्मेवारी तोक्ने र

वडा नं. ६ मा कार्यरत कार्यालय सहयोगी डुमे खत्रीलाई वडा नं. ८मा कामकाज गर्ने गरी जिम्मेवारी तोक्ने निर्णय गरियो ।

निर्णय नं १० प्रस्ताव नं १०मा आबश्यक छलफल गर्दा बाँफिकोट गाउँपालिका अन्तर्गत वडा कार्यालयहरुमा आबश्यक कार्यालय सहयोगीहरु ज्याला करार गरी दैनिक रु २६७ दुइसय सतसठीका दरले ज्याला पाउने गरी सेवा लिने निर्णय पारित गरियो । सो कार्यको जिम्मा वडा अध्यक्षलाई दिने निर्णय गरियो ।

निर्णय नं ११ प्रस्ताव नं ११मा आबश्यक छलफल गर्दा बाँफिकोट गाउँपालिका अन्तर्गत वडा नं. १ र ८मा स्वास्थ्य सेवा सन्चालनका लागि न्युनतम सि एम ए कोर्ष उतीर्ण गरेका व्यक्तिहरुबाट दैनिक रु ४००। का दरले ज्यालामा काम लगाउने निर्णय पारित गरियो । औषधी लगायतका सामग्रीहरु स्वास्थ्य तथा सरसफाई शाखाबाट उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं १२ प्रस्ताव नं १२ मा आबश्यक छलफल गर्दा बाँफिकोट गाउँपालिका अन्तर्गत वडा नं. ३ स्थित गेष्टहाउस संचालनका लागि यस अगाडी गाविस कार्यालयबाट गरिएको संचालन सम्झौता तोडी उक्त गेष्टहाउसको सम्पुर्ण सामान र संचालन स्वामित्व गाउँपालिका कार्यालयले लिने निर्णय पारित गरियो ।

निर्णय नं १३ प्रस्ताव नं १३ मा आबश्यक छलफल गर्दा बाँफिकोट गाउँपालिका अन्तर्गतका वडाहरुमा विगतमा द्वन्दकालीन घरजग्गा रजिष्ट्रेशन गरिएका विवादका रुपमा रहेका जग्गाका क्रेता र विक्रेताको वीचमा वडा स्तरमा छलफल गरी गराई मालपोत कार्यालयमा गई जग्गा पास गर्नका लागि वडा कार्यालयले समन्वय तथा विवादमा सहजीकरण गर्ने निर्णय पारित गरियो ।

निर्णय नं १४ प्रस्ताव नं १४ मा आबश्यक छलफल गर्दा बाँफिकोट गाउँपालिका अन्तर्गतका वडाहरुका सडकमा यातायात संचालन व्यवस्थापन गर्न गाउँ पालिकाका अध्यक्षको अगुवाइमा यातायात समिति तथा व्यवसायी , इलाका प्रहरी कार्यालय बाँफिकोट समक्ष समन्वय गर्ने निर्णय पारित गरियो ।

निर्णय नं १५ प्रस्ताव नं १५ मा आबश्यक छलफल गर्दा बाँफिकोट गाउँपालिका अन्तर्गतका वडा नं. १ र २को प्रशासनिक कामकाजहरु नागरिकता अभिलेख जानकारी लिन र जग्गा रजिष्ट्रेशन र प्रहरी मुचुल्का लगायतका कामहरु रुकुमकोटबाट संचालन भैरहेको र सोका कारण उक्त वडाका जनजीवनमा असहजता भएकोले बाँफिकोटबाट उक्त सेवा लिने व्यवस्था गर्नकालागि श्री जिल्ला प्रशासन कार्यालय रुकुम समक्ष अनुरोध गर्ने निर्णय पारित गरियो ।

निर्णय नं १६ प्रस्ताव नं १६ मा आबश्यक छलफल गर्दा बाँफिकोट गाउँपालिकाको न्यायिक समित निम्नानुसार गठन गर्ने निणय गरियो ।

संयोजक : श्री मनकला पुन उपाध्यक्ष बाँफिकोट गाउँपालिका

सदस्य : श्री चन्द्रबहादुर के.सी. वडा अध्यक्ष वडा नं ३ बाँफिकोट गाउँपालिका

सदस्य : श्री नरबहादुर खत्री वडा अध्यक्ष वडा नं. ७ बाँफिकोट गाउँपालिका

निर्णय नं १७ प्रस्ताव नं १७ मा आबश्यक छलफल गर्दा बाँफिकोट गाउँपालिका अन्तर्गतका वडा नं. ३ मा स्यापु पर्यटन मेला सफल रुपमा संन्चालन गर्नकालागि बाँफिकोट गाउँपालिका स्तरीय कार्यक्रम संचालन गर्न पर्यटन तथा खेलकुद समितिबाट प्रस्ताव माग गरी सो अनुमोदन गरी रु १०००००। एकलाख पर्यटन शिर्षक अन्तर्गतबाट भुक्तानी गर्ने निर्णय पारित गरियो ।

निर्णय नं १८ प्रस्ताव नं १८ मा आबश्यक छलफल गर्दा बाँफिकोट गाउँपालिका अन्तर्गतका बाँफिकोट गाउँकार्यपालिका सदस्यहरुको लागि उपयुक्त हुने गरी कम्प्युटर वेसिक कोर्ष हासिल गराई प्रति जना एक ल्यापटप कन्टेन्जेन्सी शिर्षकबाट भुक्तानी गर्ने गरी खरीद गर्ने निर्णय पारित गरियो ।

बैठक नं. .........

मिति: २०७४।६।२गते सोमबार

समय: १:०० बजे दिउसो

स्थान : बाँफीकोट गाउँकायपालिकाको सभाहल बाँफीकोट रुकुम

आज मिति २०७४।६।२ गते सोमबारका दिन बाँफीकोट गाउँकार्यपालिकाका अध्यक्ष श्री धर्मबहादुर के.सी. ज्युको अध्यक्षतामा बाँफीकोट गाउँपालिकाको बैठक बसी तपसीलको उपस्थितिमा देहायका प्रस्तावउपर छलफल गरी देहायबमोजिम निर्णय पारित गरियो ।

उपस्थिति :

श्री धर्मबहादुर के.सी., अध्यक्ष बाँफीकोट गाउँ कार्यपालिकाको कार्यालय बाँफीकोट

श्री मनकला पुन , उपाध्यक्ष बाँफीकोट गाउँ कार्यपालिकाको कार्यालय बाँफीकोट

श्री हर्कु मल्ल ,वडा अध्यक्ष वडा नं. १ बाँफीकोट गाउँपालिका

श्री धनबहादुर खत्री, वडा अध्यक्ष वडा नं. २ बाँफीकोट गाउँपालिका

श्री चन्द्रबहादुर के.सी., वडा अध्यक्ष वडा नं. ३ बाँफीकोट गाउँपालिका

श्री लिलाराम बि.क., वडा अध्यक्ष वडा नं. ४ बाँफीकोट गाउँपालिका

श्री कस्तुप प्रकाश दाहाल,वडा अध्यक्ष वडा नं. ५ बाँफीकोट गाउँपालिका

श्री मनोजकुमार अधिकारी, वडा अध्यक्ष वडा नं.६ बाँफीकोट गाउँपालिका

श्री नरबहादुर खत्री, वडा अध्यक्ष वडा नं. ७बाँफीकोट गाउँपालिका

श्री मनबहादुर के.सी., वडा अध्यक्ष वडा नं. ८ बाँफीकोट गाउँपालिका

श्री कविराम के.सी. , वडा अध्यक्ष वडा नं. ९ बाँफीकोट गाउँपालिका

श्री अर्जुन चन्द , वडा अध्यक्ष वडा नं. १० बाँफीकोट गाउँपालिका

श्री झरना शाही , बाँफीकोट गाउँ कार्यपालिकाको कार्यालय बाँफीकोट

श्री जनकुमारी खत्री, सदस्य बाँफीकोट गाउँ कार्यपालिकाको कार्यालय बाँफीकोट

श्री तारा बुढा के.सी.,सदस्य बाँफीकोट गाउँ कार्यपालिकाको कार्यालय बाँफीकोट

श्री सिता खडका के.सी., सदस्य बाँफीकोट गाउँ कार्यपालिकाको कार्यालय बाँफीकोट

श्री शेरु विश्वकर्मा , सदस्य बाँफीकोट गाउँ कार्यपालिकाको कार्यालय बाँफीकोट

श्री मनबहादुर बादी, सदस्य बाँफीकोट गाउँ कार्यपालिकाको कार्यालय बाँफीकोट

श्री ज्ञानबहादुर खड्का नासु बाँफीकोट गाउँपालिका

प्रस्तावहरु :

१) बाटोमर्मत भुक्तानी सम्बन्धमा ।

२) पुलको आवागमन संचालन सम्बन्धमा ।

३) पर्यटन मेला को रकम भुक्तानी सम्बन्धमा ।

४) सुरक्षा व्यवस्था सम्बन्धमा ।

५) यातायात भाडादर सम्बन्धमा ।

६) न्यायिक समितिको कार्यक्रम व्यवस्थापन सम्बन्धमा ।

७) स्वास्थ्य तथा सरसफाई शाखा

८) सामाजिक सुरक्षा रकम वितरण र बैठक भत्ता वितरण गर्ने सम्बन्धमा ।

९)उमेर हदमाथिको काममा नलगाउने सम्बन्धमा ।

१०) अनमी र कार्यालय सहायक पारिश्रमिक रकम भुक्तानी सम्बन्धमा ।

**निर्णयहरु :**

निर्णय नं. १ : प्रस्ताव नं. १ मा आबश्यक छलफल गर्दा ग्रामीण कृषि सडक मुसीकोट नगरपालिका गिलवागं फलामेगौंडा मग्मा आठवीसकोट अन्तर्गत गिलवागं देखि फलामेगौंडा सम्मको सडक मर्मत कार्य गर्न आवश्यक भएकोले उक्त सडकखण्ड यथाशिघ्र मर्मत गरी प्राविधिक मूल्यांकन अनुसारको रकम गाउँपालिकास्तरको रकमबाट खर्च भुक्तानी गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.२ : प्रस्ताव नं. २ मा आबश्यक छलफल गर्दा ग्रामीण कृषि सडक मुसीकोट गिलवागं फलामेगौंडा मग्मा आठवीसकोट अन्तर्गत फलामेगौंडा स्थित मोटरेबल पुलको भारबहन क्षमता १० टनमात्र रहेकोले उक्त पुलबाट एक्साभेटर लगायतका हेभी सवारी साधन आवागमन पुर्ण रुपले निषेध गर्ने निर्णय गरियो । सो सम्बन्धमा थप प्राविधिक परामर्श जिल्ला प्राविधिक कार्यालयसँग गर्ने निर्णय पारित गरियो । यस निर्णयलाई अटेरी गरेमा कानुन अनुसार क्षतिपुर्ति असुलसहति कारवाही गर्ने निणर्य पारित गरियो ।

निर्णय नं.३ : प्रस्ताव नं. ३ मा आबश्यक छलफल गर्दा स्यार्पु पर्यटन मेलाको प्रस्तावित कार्यक्रमअनसार गाउँपालिकाबाट स्वीकृत प्रस्तावअनुसार पर्यटन शिर्षकबाट रकम भुक्तानी गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.४ : प्रस्ताव नं. ४ मा आबश्यक छलफल गर्दा बाँफिकोट गाउँपालिका स्तरमा सुरक्षा समिति गठन गाउँपालिका अध्यक्षको संयोजकत्वमा प्रहरी कार्यालय रहेका वडा अध्यक्ष सदस्य एवं बाँफिकोट इलाका प्रहरी चौकी इन्चार्ज सदस्य रहेको समति गठन गरी यही असोज ६ गते बाँफिकोट इ प्र का मा बैठक बस्ने निर्णय पारित गरियो ।

निर्णय नं.५ : प्रस्ताव नं. ५ मा आबश्यक छलफल गर्दा बाँफिकोट गाउँपालिका भरमा यातायात भाडादर प्रति किलोमिटर रु १०। कायम गरी मिति २०७४।६।५गतेदेखि सो भाडादर लागु गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.६ : प्रस्ताव नं. ६ मा आबश्यक छलफल गर्दा बाँफिकोट गाउँपालिकामा गठित न्यायिक समितिको कार्यालय व्यवस्थापन गर्न २ वटा कोठा भाडामा लिने निर्णय पारित गरियो ।

निर्णय नं.७ : प्रस्ताव नं. ७ मा आबश्यक छलफल गर्दा सामाजिक विकास शाखा अन्तर्गत स्वास्थ्य तथा सरसफाई विभाग श्री मनबहादुर के.सी.को संयोजकत्वमा श्री हर्कु मल्ल सदस्य, श्री तारा बुढा के.सी. सदस्य ,श्री शेरु विश्वकर्मा सदस्य , श्री नन्दलाल महतो स्वास्थ्य तथा सरसफाई शाखा संयोजक सदस्य सचिव रहने गरी गठन गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.८ : प्रस्ताव नं. ८ मा आबश्यक छलफल गर्दा सामाजिक सुरक्षा रकम आ.व. ०७४।०७५ प्रथम चौमासिक वितरणका लागि गाउँकार्यपालिकाको कार्यालयबाट एम आइ एस रिपोर्ट अनुसार पेश्की उपलब्ध गरी दशैं अगाडी नै वितरण गर्ने निर्णय पारित गरियो । साथै वडा समितिको र गाउँपालिकाको गाउँसभा र गाउँकार्यपालिकाको बैठक भत्ता भुक्तानी दिने निर्णय पारित गरियो ।

निर्णय नं.९ : प्रस्ताव नं.९ मा आबश्यक छलफल गर्दा साठीवर्षमाथि पुगेका यस गाउँपालिकाका व्यक्तिहरुलाई अस्थायी , करारपदमा नियुक्ति गरी सेवा लिन निषेध गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.१० : प्रस्ताव नं. १० मा आबश्यक छलफल गर्दा यस बाँफिकोट गाउँपालिका सामाजिक विकास शाखा अन्तर्गत स्वास्थ्य तथा सरसफाई कार्यालय अन्तर्गत बाँफिकोट स्वास्थ्य चौकी र मग्मा स्वास्थ्य चौकीमा कार्यरत क्रमश : अ. न .मी .अनिता पुन र अ न मी हिरा पुनलाई जिल्ला स्वास्थ्य करारबाट अघिल्लो आर्थिक वर्षमा करार नियुक्ति पाई निरन्तर सेवा गरीरहेकोले अस्पताल तथा SBA SITE वर्थिगं सेन्टर संचालन शिर्षक बाट सामाजिक विकास शाखा, स्वास्थ्य तथा सरसफाई शाखा बाँफिकोटवाट तोके बमोजिम पाउनुपर्ने पारिश्रमिक रकम भुक्तानी गर्ने निर्णय पारित गरियो । साथै यस अघि जिल्ला करार बाट कार्यालय सहयोगी करार पदमा नियुक्ति भई ०७४ साउनदेखि निरन्तर काममा रहनु भएका बाँफिकोट स्वास्थ्य चौकी मनबहादुर खत्री पिपल स्वास्थ्य चौकीका नविन गौतम र मग्मा स्वास्थ्य चौकीका टेकबहादुर खनालको नियुक्ति मा तोकेबमोजिम पारिश्रमिक रकम सामाजिक विकास शाखा स्वास्थ्य तथा सरसफाई शाखा बाँफिकोटबाट भूक्तानी दिने निर्णय पारित गरियो ।

बैठक नं. .........

मिति: २०७४।६।२५ गते बुधबार

समय: १०:०० बजे बिहान

स्थान : बाँफिकोट गाउँकार्यपालिकाको सभाहल बाँफिकोट रुकुम

आज मिति २०७४।६।२५ गते बुधबारका दिन बाँफिकोट गाउँकार्यपालिकाका अध्यक्ष श्री धर्मबहादुर के.सी. ज्युको अध्यक्षतामा बाँफिकोट गाउँपालिकाको बैठक बसी तपसीलको उपस्थितिमा देहायका प्रस्तावउपर छलफल गरी देहायबमोजिम निर्णय पारित गरियो ।

**उपस्थिति :**

श्री धर्मबहादुर के.सी., अध्यक्ष बाँफिकोट गाउँ कार्यपालिकाको कार्यालय बाँफिकोट

श्री मनकला पुन, उपाध्यक्ष बाँफिकोट गाउँ कार्यपालिकाको कार्यालय बाँफिकोट

श्री हर्कु मल्ल, वडा अध्यक्ष वडा नं. १ बाँफिकोट गाउँपालिका

श्री धनबहादुर खत्री, वडा अध्यक्ष वडा नं. २ बाँफिकोट गाउँपालिका

श्री चन्द्रबहादुर के.सी., वडा अध्यक्ष वडा नं. ३ बाँफिकोट गाउँपालिका

श्री लिलाराम बि.क., वडा अध्यक्ष वडा नं. ४ बाँफिकोट गाउँपालिका

श्री कस्तुप प्रकाश दाहाल, वडा अध्यक्ष वडा नं. ५ बाँफिकोट गाउँपालिका

श्री मनोजकुमार अधिकारी, वडा अध्यक्ष वडा नं.६ बाँफिकोट गाउँपालिका

श्री नरबहादुर खत्री, वडा अध्यक्ष वडा नं. ७ बाँफिकोट गाउँपालिका

श्री मनबहादुर के.सी., वडा अध्यक्ष वडा नं. ८ बाँफिकोट गाउँपालिका

श्री कबिराम के.सी., वडा अध्यक्ष वडा नं. ९ बाँफिकोट गाउँपालिका

श्री अर्जुन चन्द, वडा अध्यक्ष वडा नं. १० बाँफिकोट गाउँपालिका

श्री झरना शाही, बाँफिकोट गाउँ कार्यपालिकाको कार्यालय बाँफिकोट

श्री जनकुमारी खत्री, सदस्य बाँफिकोट गाउँ कार्यपालिकाको कार्यालय बाँफिकोट

श्री तारा बुढा के.सी.,सदस्य बाँफिकोट गाउँ कार्यपालिकाको कार्यालय बाँफिकोट

श्री सिता खडका के.सी., सदस्य बाँफिकोट गाउँ कार्यपालिकाको कार्यालय बाँफिकोट

श्री शेरु विश्वकर्मा, सदस्य बाँफिकोट गाउँ कार्यपालिकाको कार्यालय बाँफिकोट

श्री मनबहादुर बादी, सदस्य बाँफिकोट गाउँ कार्यपालिकाको कार्यालय बाँफिकोट

श्री ज्ञानबहादुर खड्का, नासु बाँफिकोट गाउँपालिका

गाउँ कार्यपालिकाको गाउँ... बाँफिकोट, रुकुम (पश्चिम) ६ नं. प्रदेश नेपाल २०७४

प्रस्तावहरु :

१) गाउँसभा वोलाई प्रस्ताव पेशगर्ने सम्वन्धमा ।

२) व्यवसाय दर्ता सम्वन्धमा ।

३) प्राविधिक कामकाज सम्पादन गर्ने सम्वन्धमा ।

४) घरधुरी सर्वेक्षण र पारिवारिक लगतको तथ्यांक केन्द्रीकरण सम्वन्धमा ।

५) योजनाको सम्झौता र कार्यान्वयन सम्वन्धमा ।

६) न्यायिक समिति व्यवस्थापन सम्वन्धमा ।

७) वैठक, यातायात भत्ता र पारिश्रमिक सम्वन्धमा ।

८) राहत उपलब्ध गराउने सम्वन्धमा ।

९) मलेप सम्वन्धमा ।

१०) गाउँपालिकाक्षेत्रमा हेभी इक्वीपमेन्ट तथा मेशीन संचालन सम्वन्धमा

निर्णयहरु :

निर्णय नं. १ : प्रस्ताव नं. १ मा आवश्यक छलफल गर्दा बाँफिकोट गाउँपालिकाको नाम र केन्द्र निर्धारण सम्वन्धमा गाउँसभामा प्रस्ताव पेश गरी पारित गराउनका लागि निम्नानुसार सहमतिका साथ निर्णय गरियो ।

क) बाँफिकोट गाउँपालिका स्तरीय प्रशासननिक कार्यालयहरु १) प्रमुख प्रशासनिक कार्यलयहरु : गाउँपालिका कार्यालय , प्रहरी तथा सुरक्षा सँग सम्बन्धित कार्यालय , बैंक, प्राविधिक कार्यालय, मालपोत, नापी, शिक्षा, खानेपानी तथा सरसफाई शाखा वा कार्यालय बाँफिकोट गाउँपालिका वडा नं. ४ कोटमा कार्यालय स्थापना गरी सेवाप्रवाह गर्ने

२) सहायक प्रशासनिक कार्यालयहरु : बन, कृषि र पशु , खेलकुद, स्वास्थ्य, भू संरक्षण, सिचाई, घरेलु, महिला तथा वालवालिका , कार्यालयहरु वडा नं. ४ को छिनखेतमा कार्यालय स्थापना गरी सेवाप्रवाह गर्ने

३)उक्त कार्यालयहरुलाई आवश्यक पर्ने जमिन सम्वन्धित क्षेत्रका जनप्रतिनिधिले समुदायको समर्थन र सहयोगमा संम्भव भएसम्म चक्लावन्दीमा नभए ५०० मीटर भित्र हुने गरी निशुल्क अनुदानमा गाउँपालिकालाई मिति २०७४ मंसिर मसान्तभित्र रजिष्ट्रेशन पास गरिदिनुपर्ने निर्णय पारित गरियो । यदि सो समय भित्र पासदिने कार्य सम्पन्न नभएमा सहमति कार्यान्वयन नभएको ठहर गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकिय अधिकृत

बाँफिकोट, रुकुम ...
६ नं. प्रदेश नेपाल
२०७४

ख) आगामी आ.व.मा विनियोजन हुने रकम वडा स्तरमा रहेको जनसंख्या र भौगोलिक विकटता भारित लागतको आधारमा सुचक तयार गरी स्वीकृत मापदण्डमा रही विनियोजन गर्ने नीतिगत निर्णय गरियो ।

ग) गाउँपालिका स्तरमा रहने सेवा केन्द्रहरु मध्ये निम्नानुसार रहने निर्णय गरियो ।

प्रशासनिक केन्द्र : बाँफिकोट कोटमा

औद्योगिक केन्द्र : बाँफिकोट वडा नं. ४ सेराखेतमा

बाणिज्य केन्द्र : बाँफिकोट वडा नं. ४को छिनखेतमा

पर्यटकीय सुचना तथा श्रोत केन्द्रहरु : थामै , भम्पु , रविगाउँ, स्यार्पु, मेलगैरी र तार्सुकाँडामा

खेलकुद, रंगशाला तथा कभर्टहल : बाँफिकोट गाउँपालिका वडा नं. २ कुनाखेतमा

घ) यस बाँफिकोट गाउँपालिकाको यस उपरान्त नाम **"शहीद स्यार्पु "** गाउँपालिका कायम गर्नका लागि प्रस्ताव गाउँसभामा पेश गरी निर्णय भएअनुसार नेपाल सरकारसमक्ष सिफारिस गर्ने निर्णय गरियो ।

ङ) उक्त निर्णय अनुमोदन गर्नकालागि यही मिति २०७४। कार्तिक २४ गते दिउसो २:०० बजेदेखि बाँफिकोट गाउँपालिकाको सभाहल बाँफिकोटमा गाउँसभा बोलाउने निर्णय गरियो ।

२) निर्णय नं.२ : प्रस्ताव नं. २ मा आवश्यक छलफल गर्दा यस बाँफिकोट गाउँपालिकामा रहेका व्यापार तथा व्यवसाय दर्ता गर्ने समयावधि कार्तिक मसान्तबाट मंसीर मसान्तसम्म थप गरी दर्ता शुल्क रु २५०। लिने निर्णय पारित गरियो ।

३) निर्णय नं. ३ : प्रस्ताव नं. ३ मा आवश्यक छलफल गर्दा जिल्ला प्राविधिक कार्यालयको मिति २०७४। । , च नं. को पत्रानुसार सोही मितिबाट कामकाज गर्ने गरी ईन्जिनियर श्री बलबहादुर घर्तीमगर मुसीकोट नगरपालिका वडा नं. ... लाई सेवा करार गर्ने । साथै निज सँग खटिइ आएका श्री प्रदीप चन्द , श्री भुवन विश्वकर्मा र श्री रामबहादुर वि.क.लाई सोही मितिबाट लागु हुने गरी काम गरेको दिनको प्रचलित दैनिक ज्याला हुनेगरी आ.व. ०७४।०७५को प्रथम चौमासिक अवधिभरकालागि मात्र ज्यालादरमा सेवा करार गरी प्राविधिक काम सम्पादन गर्ने निर्णय पारित गरियो ।

४) निर्णय नं.४ : प्रस्ताव नं. ४ मा आवश्यक छलफल गर्दा घरधुरी सर्वेक्षण र पारिवारिक लगतको तथ्यांक केन्द्रीकरण तथा विश्लेषण गर्नकालागि वडा अध्यक्ष र वडासचिवको समन्वयमा गणकको कार्य प्रमाणीकरण पारिश्रमिक रकम भुक्तानी गर्ने र कम्प्युटर प्रविष्टीकरण कार्य मंसीर मसान्त सम्म गरी गाउँपालिकामा पेश गरी सक्ने र सो कामको लागि कम्प्युटर प्रविष्टि कार्य प्रति घर धुरी रु ३०। को दरले भुक्तानी गर्ने निर्णय पारित गरियो ।

८/२९

प्रमुख प्रशासकिय अधिकृत

बाँफिकोट, रुकुम (पूर्व)
६ नं. प्रदेश नेपाल
२०७४

५) निर्णय नं.५ : प्रस्ताव नं.५मा आवश्यक छलफल गर्दा यस बाँफिकोट गाउँपालिकामा आ. व. २०७४।०७५मा संचालित योजना कार्यक्रम उपभोक्ता समितिबाट छिटोछरितो र व्यवस्थित रुपमा संचालन गर्नकालागि प्राविधिक कर्मचारीबाट इस्टिमेट भैसकेका योजनाको आजका मितिबाट एकहप्ताभित्र गाउँकार्यपालिका सँग सम्झौता गरी सक्ने निर्णय पारित गरियो ।

६) निर्णय नं. ६ : प्रस्ताव नं.६मा आवश्यक छलफल गर्दा यस बाँफिकोट गाउँपालिकाको न्यायिक समितिको कार्यालय व्यवस्थापन सरसफाई एवं हेरचाह गर्न आजको मितिदेखि १५ दिनकालागि मात्र दैनिक ज्यालामा सेवा करार लिने निर्णय पारित गरियो ।

७) निर्णय नं.७ : प्रस्ताव नं. ७ मा आवश्यक छलफल गर्दा २०७४ असारमसान्त पहिलेको र चालु आ.व. को साउनदेखि कार्तिक मसान्तसम्मको बैठक, यातायात, संचार र पारिश्रमिक (गाउँपालिकाको अध्यक्षको मासिक रु ३०५००। उपाध्यक्ष मासिक रु २७०००। वडाअध्यक्ष मासिक रु २३५००। गाउँकार्यपालिका सदस्य मासिक रु २३५००। निमित्त भई कामकाज गरेको दिनको सम्वन्धित पदको दैनिक हुन आउने रकम भत्ताको रुपमा स्वीकृत तथा अनुमोदन गरी ) चालु आ.व . २०७४।०७५को संचालन कोषबाट वडा र गाउँकार्यपालिका कार्यालयबाट भुक्तानीकालागि पेश भएअनुसार रकम भुक्तानी दिने निर्णय पारित गरियो ।

८) निर्णय नं. ८ : प्रस्ताव नं. ८ मा आवश्यक छलफल गर्दा बाँफिकोट गाउँपालिकामा तपसीलका व्यक्तिलाई यस अघि पारित निर्णयानुसार तपसीलको राहत तथा सहयोग उपलब्ध गराउने निर्णय पारित गरियो ।

क) देवी कुसारी बाँफिकोट गापा ७ दुवानाथ, २ गोरु चटयागंबाट क्षति रु २०००।

ख) दलविर गिरी बाँफिकोट गापा ४ भैसी १गोरु २ क्षति रु ४५००।

ग) काली पुरी बाँफिकोट ५ घर आगलागी रु १००००।

घ ) अन्जु सिंह के.सी. बाँफिकोट गापा ४ घर आगलागी रु १००००।

ङ) चन्द्रकला वि.क. बाँफिकोट गा पा ४ घर आगलागी रु १००००।

च) अम्वर सुनार बाँफिकोट गापा १ घर आगलागी रु १००००।

छ ) मानवहादुर गिरी बाँफिकोट १० घर आगलागि रु १००००।

ज ) मनविर कुसारी बाँफिकोट गापा ६ गोठ आगलागी रु ५०००।

झ ) लक्षिराम बुढाथोकी को छोरी .....बाँफिकोट गापा ६ आगलागीमा परी मृत्यु रु २५०००।

ञ ) ममता रावल बाँफिकोट गा पा ४ स्यार्पुतालमा डुवी मृत्यु पछि पोष्टमार्टम खर्च रु १५०००।

ट) मन्नाम बि.क. बाँफिकोट गा पा ५ आशिंक घर भत्केको रु ५०००।

ठ ) सुक्रपति वि.क. बाँफिकोट गा पा ५ आशिंक घर भत्केको रु ५०००।

प्रमुख प्रशासकिय अधिकृत

गाउँ कार्यपालिका
बाँफिकोट, रुकुम
६ नं. प्रदेश नेपाल
२०७४

ड) कैलो खत्री बाँफिकोट गापा ७ आशिंक घर भत्केको रु ५०००।

ढ ) अमृत घर्ती बाँफिकोट गापा ८ आशिंक घर भत्केको रु ५०००।

ण ) ~~बलिदुर~~ कृष्णा गिरी बाँफिकोट गापा १० आशिंक घर भत्केको रु ५०००।

त ) पृथ्वी के.सी. बाँफिकोट गापा ८ जिभ्रोको क्यान्सर पिडित रु २००००।

थ ) प्रदीप देवकोटा बाँफिकोट गा पा ९ रगत क्यान्सर पीडित रु २००००।

द ) बुदे नेपाली बाँफिकोट गा पा २ घाँटी क्यान्सर पीडित रु २००००।

ध ) रुपकली देवी कुसारी बाँफिकोट गा पा ८ पाठेघर क्यान्सर पीडित रु २००००।

न ) प्रसु खत्री बाँफिकोट गा पा ४ मृगौला डायलासिस पीडित रु ८०००।

प ) रने दमाई बाँफिकोट गा पा ६ मृगौला डायलासिस पीडित रु ८०००।

फ) नरजित बुस्नेत बाँफिकोट गा पा २ मृगौला डायलासिस पीडित रु ८०००।

ब) ~~प्रमिला~~ धनकुमारी ओली बाँफिकोट गा पा ३ घाँटीको अप्रेशन पीडित रु ५०००।

भ ) कर्णे वि.क. र जनक वि.क. बाँफिकोट गापा ५ बस दुर्घटना पीडित रु १००००।

९) निर्णय नं.९ : प्रस्ताव नं. ९ मा आबश्यक छलफल गर्दा म.ले.प. गाउँपालिका कार्यालयमा लेखापरीक्षक बोलाई लेखा परीक्षण गर्ने निर्णय पारित गरियो ।

१०) निर्णय नं.१० : प्रस्ताव नं. १० मा आवश्यक छलफल गर्दा बाँफिकोट गाउँपालिका क्षेत्रमा भौतिक निर्माणमा प्रयोग हुने हेभी इक्वीपमेन्ट हरुलाई प्रति हेभी इक्वीपमेन्ट दर्ता शुल्क रु ५०००। लिई प्रक्रियामा ल्याई वार्षिक करको दायराभित्र राखी ५००० घण्टाभन्दा कम चलेको हेभी इक्वीपमेन्ट लाई वकेट प्रतिघण्टा रु ६०००। र ब्रेकर प्रतिघण्टा रु ७०००। र ५००० घण्टाभन्दा बढी ७०००घण्टासम्म चलेको हेभी इक्वीपमेन्ट लाई बकेट प्रतिघण्टा रु ५५००। र ब्रेकर प्रतिघण्टा रु ६५००। दर भ्याट रकम, सहित सम्पुर्ण खर्च सम्वन्धित मेशीन धनीको हुने र कार्यस्थलको वास बस्ने व्यवस्था मात्र उपभोक्ता समितिले व्यवस्था गर्ने निर्णय पारित गरियो । साथै भ्याकुलोडर दर्ता शुल्क रु १५००। लिई प्रक्रियामा ल्याई बार्षिक करको दायराभित्र राखी प्रतिघण्टा रु २५००। र भ्याट रकम सहित सम्पुर्ण खर्च सम्वन्धित मेशीन धनीको हुने र कार्यस्थलको बास बस्ने व्यवस्था मात्र उपभोक्ता समितिले व्यवस्था गर्ने निर्णय पारित गरियो ।

प्रस्ताव नं. ७को निर्णय नं. ७ बाहेक अन्य निर्णयहरु प्रमाणित गरिएको छ

२९

प्रमुख प्रशासकिय अधिकृत

बैठक नं. . . . .

मिति :- २०७४।८।४ गते सोमबार

समय :- २:३० बजे

स्थान :- गाउँकार्यपालिकाको कार्यालय

आज मिति २०७४।८।४ गते सोमबारका दिन बाँफिकोट गाउँपालिका कार्यालयको बैठक गाउँपालिकाका अध्यक्ष श्री धर्मबहादुर के.सी.ज्यूको अध्यक्षतामा बसी तपशीलको प्रस्तावमाथि छलफल गरी ~~तपशील~~ निम्नानुसारको निर्णय गरियो।

उपस्थिति :-

श्री धर्मबहादुर के.सी., अध्यक्ष, बाँफिकोट गाउँपालिका
श्री मनकला पुन, उपाध्यक्ष, ''
श्री हर्के मल्ल, १ नं. वडाध्यक्ष ''
श्री धनब० खत्री, २ नं. '' ''
श्री चन्द्रब० के.सी., ३ नं. '' ''
श्री लिलाराम बि.क. ४ नं. '' ''
श्री कस्तुप प्रकाश ढकाल ५ नं. '' ''
श्री मनोज कुमार अधिकारी ६ नं. '' ''
श्री नरब० खत्री ७ नं. '' ''
श्री मनब० के.सी. ८ नं. '' ''
श्री कबिराम खत्री ९ नं. '' ''
श्री अर्जुन चन्द १० नं. '' ''
श्री भरणा शाही गाउँकार्यपालिका सदस्य
श्री अनकुमारी खत्री ''
श्री तारा बुढा के.सी. ''
श्री सीता खड्का के.सी. ''
श्री शेरु बि.क. ''
श्री मनब० बादी ''
श्री लोकबहादुर कुसारी सदस्य-सचिव

प्रस्तावहरु :-

(१) अर्तेप प्रतिवेदन सम्बन्धमा,
(२) सतेपको सरुवा माग सम्बन्धमा,
(३) योजना समपुरक कोष रकम सम्बन्धमा,

निर्णयहरु :-

निर्णय नं. १ :-

प्रस्ताव नं. १ को विषयमा छलफल गर्दा यस गाउँपालिकाको आन्तरिक लेखापरिक्षण प्रतिवेदन र अन्तिम लेखापरिक्षण प्रतिवेदन हालसम्म यस गाउँपालिकामा उपलब्ध नभएकाले सो प्रतिवेदन यसपछिको कार्यपालिकाको बैठकमा पेश गर्नेपर्ने निर्णय सर्वसम्मत पारित गरियो ।

निर्णय नं. २ :-

प्रस्ताव नं. २ को विषयमा छलफल गर्दा यस गाउँपालिकाको काजमा खटिएका सह लेखापाल श्री धनबिर कसेरा २०७४।४।१ देखि २०७४ कार्तिक मसान्तसम्म यस कार्यालयमा उपस्थित नभई गाउँपालिकाको कामकारबाहीमा असर परेकाले सम्बन्धित निकायमा सरुवाको माग गर्ने निर्णय सर्वसम्मत पारित गरियो ।

निर्णय नं. ३ :-

प्रस्ताव नं. ३ को विषयमा छलफल गर्दा बहुक्षेत्रीय पोषण कार्यक्रममा अर्थमन्त्रालयको बजेट शिर्षक नं. ३६२८४७ अन्तर्गत खर्चको निश्चित शर्तसहित आउने (अख्तियारी) ११,८९,००० (एघार लाख उनानब्बे हजार रुपैया मात्र) रहेको र थप ५,००,०००/- (पाँच लाख रुपैया मात्र) समपुरक कोषबाट मिलान गरि गाउँकार्यपालिकाबाट रु १६,८९,००० (सोह्र लाख उनानब्बे हजार रुपैया मात्र) को स्वीकृत कार्यक्रम आगामी गाउँसभाबाट अनुमोदन गर्ने निर्णय पारित गरियो ।

बैठक नं. ०८

मितिः २०७४।०९।०५ गते बुधबार

समयः ११:०० बजे बिहान

स्थान : बाँफिकोट गाउँकार्यपालिकाको सभाहल    बाँफिकोट रुकुम (पश्चिम)

आज मिति २०७४।०९।०५गते बुधबारका दिन बाँफिकोट गाउँपालिकाका अध्यक्ष श्री धर्मबहादुर के.सी. ज्युको अध्यक्षतामा बाँफिकोट गाउँपालिकाको सभाहलमा गाउँ कार्यपालिकाको बैठक बसी तपसीलको उपस्थितिमा तपशीलका प्रस्ताव माथि छलफल गरी निम्नानुसारको निर्णय पारित गरियो ।

तपशील

उपस्थिति ,

| | | |
|---|---|---|
| श्री धर्मबहादुर के.सी. | :- अध्यक्ष, | बाँफिकोट गाउँपालिकाका |
| श्री मनकला पुन, | :- उपाध्यक्ष, | बाँफिकोट गाउँपालिकाका |
| श्री हर्कु मल्ल,वडा | :- सदस्य, | बाँफिकोट गाउँपालिका |
| श्री धनबहादुर खत्री,वडा | :- सदस्य, | बाँफिकोट गाउँपालिका |
| श्री चन्द्रबहादुर के.सी. | :- सदस्य, | बाँफिकोट गाउँपालिका |
| श्री लिलाराम बि.क. | :- सदस्य, | बाँफिकोट गाउँपालिका |
| श्री कस्तुप प्रकाश दाहाल | :- सदस्य, | बाँफिकोट गाउँपालिका |
| श्री मनोजकुमार अधिकारी | :- सदस्य, | बाँफिकोट गाउँपालिका |
| श्री नरबहादुर खत्री | :- सदस्य, | बाँफिकोट गाउँपालिका |
| श्री मनबहादुर के.सी. | :- सदस्य, | बाँफिकोट गाउँपालिका |
| श्री कबिराम के.सी., | :- सदस्य, | बाँफिकोट गाउँपालिका |
| श्री अर्जुन चन्द, | :- सदस्य, | बाँफिकोट गाउँपालिका |
| श्री झरना शाही, | :-सदस्य, | बाँफिकोट गाउँपालिकाका |
| श्री जनकुमारी खत्री, | :- सदस्य, | बाँफिकोट गाउँपालिकाका |
| श्री तारा बुढा के.सी. | :- सदस्य, | बाँफिकोट गाउँपालिकाका |
| श्री सिता खडका के.सी., | :- सदस्य, | बाँफिकोट गाउँपालिकाका |
| श्री शेरु विश्वकर्मा | :- सदस्य, | बाँफिकोट गाउँपालिकाका |
| श्री मनबहादुर बादी | :- सदस्य, | बाँफिकोट गाउँपालिकाका |
| श्री लोकबहादुर कुसारी | :- सदस्य सचिव, | बाँफिकोट गाउँपालिकाका |

लोक बहादुर कुसारी
प्रमुख प्रशासकीय अधिकृत

प्रमाणिकरण मिति :- २०७४।९।५

प्रस्तावहरु :

१) योजना/आयोजनाहरुको कार्यसम्पादन समिक्षा सम्वन्धमा ।

२) योजना /आयोजनाको कार्यान्वयन अवस्थाको अनुगमन सम्वन्धमा ।

३) निति तथा नियमावलि प्रमाणिकरण सम्बन्धमा ।

४) ऐनको मस्यौदा सम्बन्धमा ।

५) करार तथा ज्यालादारी कर्मचारीको पारीश्रमिक सम्बन्धमा ।

६) बजार अनुगमन तथा शैक्षिक सुधार अनुगमण सम्बन्धमा ।

७) कर असुली सम्बन्धमा ।

८) सशस्त्र द्वन्द्व कालका स्थानीय जनसत्ताका घरजग्गाको रजिष्टेषण सम्वन्धमा ।

९) लक्षित वर्गको रकम सम्बन्धमा ।

१०) न्यायिक समितिको कार्यालय व्यवस्थापन र सञ्चालन सम्वन्धमा ।

११) शैक्षिक सुधार गुरुयोजना निर्माण सम्बन्धमा ।

१२) रिगं रोड सम्बन्धमा ।

१३) गाउँपालिकाको भवन निर्माण सम्वन्धमा ।

१४) वडा स्तरीय योजनाको रकमान्तर सम्बन्धमा ।

१५) विविध ।

बाँफिकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बाँफिकोट, रुकुम (पश्चिम) नेपाल २०७३

लोक बहादुर कुसारी
प्रमुख प्रशासकीय अधिकृत

प्रमाणिकरण मिति:-२०७४।९।१५

निर्णयहरु :

**निर्णय नं.१** : प्रस्ताव नं.१ मा व्यापक छलफल गर्दा यस गाउँपालिकाको स्वीकृत वार्षिक विकास कार्यक्रम अन्तर्गत विभिन्न योजना /आयोजना हरुको सुचारु र सन्तोषजनक रुपमा सञ्चालन भैरहेको समिक्षा गर्दै आगामि दिनहरुमा थप प्रभावकारी र प्रतिफलमुखि रुपमा संचालन गर्ने प्रतिवद्धता गर्ने निर्णय सर्व सम्मतिले पारीत गरीयो ।

**निर्णय नं.२** : प्रस्ताव नं.२ मा व्यापक छलफल गर्दा यस गाउँपालिकाको स्वीकृत वार्षिक विकास कार्यक्रम अन्तर्गत सञ्चालित विभिन्न स्थानका विभिन्न योजना /आयोजना हरुको कार्यन्वान अवस्थाको वारेमा सर्वेक्षण, अनुगमन र नियमन गर्ने गरी गाँउपालिका स्तरीय तपशिल अनुसारको अन'गमन तथा नियमन समिति गठन गर्ने निर्णय सर्वसम्मतिले पारीत गरीयो ।

**तपशिल**

श्री धर्म बहादुर के.सी. :- संयोजक

श्री मनकला पुन :- सदस्य

श्री लोकबहादुर कुसारी :- सदस्य

**निर्णय नं. ३** : प्रस्ताव नं.३ मा व्यापक छलफल गर्दा नेपालको संविधान , स्थानिय सरकार ऐन, २०७४ र प्रचलित कानुनको परिधिभित्र रहि यस गाँउकार्यपालिकाले तपशिल वमोजिमका नियमावलि , आचार संहिता र

कार्यविधि मिति २०७४/०९/५ गते बुधवार का दिन देखि लागु हुने गरी प्रमाणिकरण गर्ने निर्णय सर्वसम्मतिले स्वीकृत गरीयो ।

**तपशिल**

१) बाँफिकोट गाँउपालिका (कार्यसम्पादन) नियमावली, २०७४

२) शिक्षा नियमावली, २०७४

३) बाँफिकोट गाउँपालिका पदापधकारी आचार संहिता, २०७४

४) बैठक र निर्णय प्रमाणिकरण (कार्यविधि)नियमावली, २०७४

**निर्णय नं. ४** : प्रस्ताव नं.४ मा व्यापक छलफल गर्दा नेपालको संविधान र प्रचलित कानुनको अधिनमा रहि तपशिल बमोजिमका ऐनको मस्यौदा तपशिल बमोजिमको मस्यौदा समिति मार्फत कार्यपालिका वाट स्वीकृत गराई गाउँसभा वाट प्रमाणिकरण गराई स्वीकृत गर्ने निर्णय सर्वसम्मतिले पारीत गरीयो ।

**तपशिल**

**ऐनका मस्यौदाहरु,**

१) कृषि तथा पशुपंक्षी ऐन, २०७४

२) सहकारी ऐन, २०७४

३) स्वास्थ्य तथा सरसफाई ऐन, २०७४

४) एफ.एम. संचालन ऐन २०७४

बाँफिकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाँफिकोट, रुकुम (पश्चिम)
नेपाल
२०७३

लोक बहादुर कुसारी
प्रमुख प्रशासकीय अधिकृत

प्रमाणिकरण मिति:-२०७४।९।५

**मस्यौदा निर्माण समिति**

श्री झरणा शाही -संयोजक

श्री नरवहादुर खत्री -सदस्य

श्री कृषि, स्वास्थ्य, संचार, सुरक्षा र सहकारी शाखा का प्रमुखहरु - सदस्य

श्री कानुन विज्ञ - सदस्य सचिव

**सल्लाहकारहरु :**

श्री धर्मबहादुर केसी : गापा अध्यक्ष्य

श्री मनकला पुन : गापा उपाध्यक्ष्य

श्री लोकबहादुर कुसारी : प्रमुख प्रशासकिय अधिकृत

**निर्णय नं. ५** : प्रस्ताव नं.५ मा व्यापक छलफल गर्दा गाउँपालिकाको मिति २०७४/०७/२२ को निर्णय अनुसार प्रविधिक कर्मचारीहरुलाई ज्याला दिने निर्णय भएकोमा ज्याला दर उल्लेख नभएकोले ज्यालादरको हाजिर भएको दिनको लागि मात्र कानुनबमोजिम नासु वा सो सरहको दैभ भत्ता दिने गरि निर्धारण गर्ने निर्णय पारीत गरीयो साथै कास नभएका वडा कार्यालयमा र वडा नं. ८मा कार्यरत स्वास्थ्यकर्मीलाई भर्ना गरीएका कार्यालय सहयोगिको ज्याला दर कानुनबमोजिम हुनेगरि मासिक पारिश्रमिक..१२०००. उपलब्ध गराउने गरी करार नियुक्ति गर्ने निर्णय सर्वसम्मतिले पारीत गरियो ।

**निर्णय नं. ६** : प्रस्ताव नं.६ मा व्यापक छलफल गर्दा यस यस गाउँपालिका भित्रका सम्पूर्ण साना , मझौला र ठुला स्तरका व्यवसायहरुको अनुगमन, नियन्त्रण, निरीक्षण र नियमन गर्ने गरी कालो बजारी, सिन्डिकेट र कार्टेलिङ प्रथाको अन्त्यको लागि बजार स्वच्छता र स्वस्थता कायम गर्न तपिशिल अनुसारको ढनचामा तपशिल अनुसारको बजार अनुगमन समिति गठन गर्ने निर्णय सर्व सम्मितिले पारीत गरीयो ।

तपशिल

१) श्री कविराम खत्री, - सयोजक

२) श्री सीता खड्का - सदस्य

३) श्री झरणा शाही : सदस्य

४) श्री जुन कुमारी खत्री : सदस्य

५) श्री मनोज कुमार अधिकारी :सदस्य

६) श्री कस्तुप प्रकाश दहाल : सदस्य

७) श्री हर्कु मल्ल : सदस्य

लोक बहादुर
प्रमुख प्रशासकीय

प्रमाणिकरण मिति:-२०७८।३।१४

# बाँफिकोट गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय

बाँफिकोट रुकुम(पशिचम)

६ नं. प्रदेश, नेपाल

लोक बहादुर कुमारी
प्रमुख प्रशासकीय अधिकृत

प्रमाणिकरण मिति:-२०७८।३।१४

## बजार अनुगमण फारम

मिति :

दर्ता निकाय :

कारोबार :

पुजी :

व्यापारी प्रतिष्ठानको नाम :

ठेगाना फोन नं :

यस कार्यालयबाट खटि गएको अनुगमण टोलीबाट तपाइको विक्रिस्थल। गोदाम। उद्योगबाट निरीक्षण गर्दा निम्न अनुरुपको स्थिति भेटिएकोले देहायअनुसार गर्नु गराउनुहुन निर्देशन दिइएको छ ।

| क.स. | विवरण | भएको | नभएको | निर्देशन | कैफियत |
|---|---|---|---|---|---|
| १ | मुल्य सुची | | | | |
| २ | साइनबोर्ड | | | | |
| ३ | व्यवसाय दर्ता वा नवीकरण | | | | |
| ४ | नापतौलको प्रमाण | | | | |

**शैक्षिक सुधार अनुगमण समिति :**

शिक्षाप्रणालीलाई आर्थिक सामाजिक रुपान्तरणको संवाहकको रुपमा विकास गर्न शिक्षा क्षेत्रको वेथिति, अनिमियताको सुधार गर्ने गरि तपशील अनुसारको शैक्षिक सुधार अनुगमण समिति गठन गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

तपशील

श्री चन्द्र बहादर केसी : संयोजक

श्री तारा बुढा : सदस्य

श्री मनबहादुर केसी : सदस्य

श्री नरबहादुर खत्री : सदस्य

श्री मनबहादुर बादी : सदस्य

लोक बहादुर कुमारी
प्रमुख प्रशासकीय अधिकृत

प्रकाशिकरण मिति :- २०७४।३।१५

**निर्णय नं. ७** : (क)प्रस्ताव नं. ७ को विषयमा व्यापक छलफल गर्दा यस गाउँपालिका अन्तर्गतका कुनै नागरिकले बालुवा, गिट्टी उत्पादन, विक्रि वितरण गर्न सम्वन्धित जग्गा धनीलाई आम्दानीको २५प्रतिशत रहने गरि न्युनतम २,५०,००० रहने गरि टेण्डर आव्हान गर्ने र मिति २०७४।०९।०५ गते निर्णय विपरितका कार्य बन्द गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

( ख) यसैगरि घुम्ती पसलका व्यवसायीहरुले आफ्नो व्यवसाय सञ्चालन गर्दा सम्वन्धित व्यक्तिमार्फत रु ५०० असुलउपर गर्ने र सो पसलमार्फत कर संकलनकर्ता लाई संकलन भएको करको २५ प्रतिशत प्रदान गर्ने निर्णयसमेत पारित गरियो ।

**निर्णय नं. ८** : प्रस्ताव नं. ८ ~~नियमको~~ विषयमा व्यापक छलफल गर्दा सशस्त्र द्वन्द्वकालका स्थानीय जनसत्ताका घरजग्गाको रजिष्टेशनको लिखतलाई मान्यता दिने प्रक्रिया वडास्तरमा दुवै पक्षलाई उपस्थित गराइ अन्तक्रिया गरि सहमतिका आधारमा लेनदेन टुग्यांउन मिति २०७४।०९।२० भित्र गरिसक्नुपर्ने र यस विषयलाई आगामी जिल्ला सभामा पेश गरि जिल्लामा एकरुपता ल्याउन गरि कार्यान्वयन गर्न जिसस समक्ष पहल गर्न अनुरोध गर्ने निर्णय सर्वसम्मतिले पारियो ।

**निर्णय नं. ९** : प्रस्ताव नं. ९ को विषयमा व्यापक छलफल गर्दा लक्षित वर्गतर्फको रकम मध्ये एकल महिला तर्फको विनियोजित रकम उपाध्यको संयोजकत्वमा भएका कार्यक्रम र क्रियाकलाप हरुको समग्र विवरण अनुसार कार्यपालिकाले स्वीकृत गर्ने र अन्य वर्गको हकमा गाउँपालिका स्तरीय लक्षित वर्गहरुको सञ्जाल गठन गरि स्मार्ट योजना, कार्यक्रम र क्रियाकलामका आधारमा सामाजिक समावेशीकरण कायम गर्ने गरि निर्माण गरि प्राप्त विवरण गाउँकार्यपालिकाले स्वीकृत गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**निर्णय नं. १०** : प्रस्ताव नं. १० को विषयमा व्यापक छलफल गर्दा यस गाउँपालिकाको न्यायिक समितिको कार्यालयले मिति २०७४।०९।०२ गतेको बैठकको निर्णायानुसार पेश भएका निर्णय नं. १,२ र ३ लाई अनुमोदन गर्ने निर्णयका साथै कानुनबमोजिम कानुनबमोजिम एकजना कानुन विज्ञ नियुक्ति गर्ने र गाउँपालिकाको आवश्यकता र औचित्यलाई मध्यनजर गरि सो कानुन विज्ञलाई मासिक रु २३,५०० उपलब्ध गराउने र सो कार्यालयका कासलाई मासिक रु १२००० दिनेगरि कानुनबमोजिम पारिश्रमिक उपलब्ध गराउने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**निर्णय नं. ११** : प्रस्ताव नं. ११ को विषयमा छलफल गर्दा मिति २०७४।०९।०४ गते यस विद्यालयका विव्यस अध्यक्ष्य, प्रअहरु र कार्यपालिकाको सदस्यहरु सहितको भेलाले गठन गरेको श्री रत्नबहादुर केसीको संयोजकत्वमा रहेको ११ सदस्यीय समितिलाई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र बाफिकोट गाउँपालिका शिक्षा

नियमावली ,२०७४ बमोजिम अनुमोदन गरि तत्काल कार्य सुचारु गर्न निर्देशन दिने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**निर्णय नं. १२** : प्रस्ताव नं. १२ को विषयमा व्यापक छलफल गर्दा यस गाउँपालिकाको रिंग रोड सम्बन्धमा गाउँसभाद्धारा अनुमोदन भएबमोजिम स्वीकृत बार्षिक विकास कार्यक्रम अनुरुप कार्य सुचारु गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**निर्णय नं. १३** : प्रस्ताव नं. १३ को विषयमा व्यापक छलफल गर्दा यस गाउँपालिको भवन निर्माण गर्न गाउँकार्यपालिको नियमित नियमन , अनुगमण र निर्देशनमा रहने गरि जिल्ला नापी कार्यालयबाट अमिन झिकाई नापनक्शा गरि डिजाइन समेत गरि जग्गा प्राप्ति ऐन, २०३४ को अधिनमा रही सार्वजानिक खरिद ऐन, २०६३ र सार्वजानिक खरिद नियमावली , २०६४ अनुसार खुल्ला बोलपत्र आव्हान गरि कार्य सञ्चालन प्रक्रिया यथाशिघ्र अघि बढाउने तर विशेष गाउँसभा बोलाई उपभोक्ता समितिले गर्ने गरि सो शिर्षक संशोधन भएमा सो बमोजिम गर्ने गरि निर्णय सर्वसम्मतिले पारित गरियो ।

**निर्णय नं. १४** : प्रस्ताव नं. १४ को विषयमा व्यापक छलफल गर्दा वडाबाट रकमान्तर गर्ने विषय गाउँसभामा पेश गर्ने गरि निर्णय पारित गरियो ।

**निर्णय नं. १५** : यस गाउँपालिकाको गाउँसभा को गाउँसभा सदस्य वडा नं. ०७ का गोर्ख बहादुर कुसारी को मृत्युको कारण र वडानं २ को इन्दिरा विएम नाथ जिल्ला समन्वय समितिको उपप्रमुख भएर हुन गएका २ रिक्त पद पुर्ति गर्ने गर्ने विधि के भन्ने विषयलाई जिल्ला सभामा पेश गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

लोक बहादुर कुसारी
प्रमुख प्रशासकीय अधिकृत

प्रमाणिकरण मिति:- २०७४।३।५

बाँफिकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाँफिकोट, रुकुम (पश्चिम)
नेपाल
२०७३

बैठक नं. :- ०९

मिति: २०७४/१०/१४ गते आइतबार

समय: ११:०० बजे बिहान

स्थान : बाँफिकोट गाउँकार्यपालिकाको सभाहल ,बाँफिकोट रूकुम (पश्चिम)

आज मिति २०७४/१०/१४ गते आइतबारका दिन बाँफिकोट गाउँपालिकाका अध्यक्ष श्री धर्मबहादुर के.सी. ज्युको अध्यक्षतामा बाँफिकोट गाउँपालिकाको सभाहलमा गाउँ कार्यपालिकाको बैठक बसी तपसीलको उपस्थितिमा तपशीलका प्रस्ताव माथि छलफल गरी निम्नानुसारको निर्णय पारित गरियो ।

## तपशील

उपस्थिति :-

| नाम | | पद |
|---|---|---|
| श्री धर्मबहादुर के.सी. | :- | अध्यक्ष, बाँफिकोट गाउँपालिकाका ,रूकुम(पश्चिम) |
| श्री मनकला पुन, | :- | उपाध्यक्ष, बाँफिकोट गाउँपालिकाका,रूकुम(पश्चिम) |
| श्री हर्कु मल्ल | :- | सदस्य, बाँफिकोट गाउँपालिका ,रूकुम(पश्चिम) |
| श्री धनबहादुर खत्री | :- | सदस्य, बाँफिकोट गाउँपालिका ,रूकुम(पश्चिम) |
| श्री चन्द्रबहादुर के.सी. | :- | सदस्य, बाँफिकोट गाउँपालिका ,रूकुम(पश्चिम) |
| श्री लिलाराम बि.क. | :- | सदस्य, बाँफिकोट गाउँपालिका ,रूकुम(पश्चिम) |
| श्री कस्तुप प्रकाश दाहाल | :- | सदस्य, बाँफिकोट गाउँपालिका ,रूकुम(पश्चिम) |
| श्री मनोजकुमार अधिकारी | :- | सदस्य, बाँफिकोट गाउँपालिका ,रूकुम(पश्चिम) |
| श्री नरबहादुर खत्री | :- | सदस्य, बाँफिकोट गाउँपालिका ,रूकुम(पश्चिम) |
| श्री मनबहादुर के.सी. | :- | सदस्य, बाँफिकोट गाउँपालिका ,रूकुम(पश्चिम) |
| श्री कबिराम के.सी., | :- | सदस्य, बाँफिकोट गाउँपालिका ,रूकुम(पश्चिम) |
| श्री अर्जुन चन्द, | :- | सदस्य, बाँफिकोट गाउँपालिका ,रूकुम(पश्चिम) |
| श्री झरना शाही, | :- | सदस्य, बाँफिकोट गाउँपालिकाका ,रूकुम(पश्चिम) |
| श्री जनकुमारी खत्री, | :- | सदस्य, बाँफिकोट गाउँपालिकाका ,रूकुम(पश्चिम) |
| श्री तारा बुढा के.सी. | :- | सदस्य, बाँफिकोट गाउँपालिकाका ,रूकुम(पश्चिम) |
| श्री सिता खडका के.सी. | :- | सदस्य, बाँफिकोट गाउँपालिकाका ,रूकुम(पश्चिम) |
| श्री शेरू विश्वकर्मा | :- | सदस्य, बाँफिकोट गाउँपालिकाका ,रूकुम(पश्चिम) |
| श्री मनबहादुर बादी | :- | सदस्य, बाँफिकोट गाउँपालिकाका ,रूकुम(पश्चिम) |
| श्री लोकबहादुर कुसारी | :- | सदस्य सचिव, बाँफिकोट गाउँपालिकाका,रूकुम(पश्चिम) |

बाँफिकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बाँफिकोट, रुकुम (पश्चिम) नेपाल २०७३

लोक बहादुर कुसारी
प्रमुख प्रशासकीय अधिकृत
प्रमाणिकरण मिति:-२०७४/१०/१४

**प्रस्तावहरू :**

१) काम कार्बाहीको समिक्षा सम्बन्धमा ।

२) विषयगत समितिको पुर्णता सम्बन्धमा ।

३) योजना /आयोजनाहरूको भुक्तानीको विषयमा policy निर्माण सम्बन्धमा ।

४) बाँफिकोट गाउँपालिकाको लागि आवश्यक कार्यविधि, निर्देशिका,दिग्दर्शन र कार्ययोजना निर्माण सम्बन्धमा ।

५)शिक्षा समिति गठन सम्बन्धमा ।

६) सवारी साधन खरिद सम्बन्धमा ।

७) कार्यालय व्यवस्थापन सम्बन्धमा ।

८) विविध सम्बन्धमा ।

गाउँ कार्यपालिका बाँफिकोट, रुकुम नेपाल २०७३

प्रमाणिकरण मिति: २०७४/१०/१४

लोक बहादुर ... प्रमुख प्रशासकीय अधिकृत

निर्णयहरू :-

निर्णय नं. १ :- प्रस्ताव नं. १ को विषयमा व्यापक छलफल गर्दा आर्थिक वर्ष ०७४/०७५ देखि गर्दा हाल सम्म भए गरेका गाउँकार्यपालिकाका निर्णयहरू यथाशिघ्र कार्यान्वयन गर्ने निर्णय गरियो । यस गाउँपालिकाका योजना/आयोजनाहरू सन्तोषजनक रूपमा सुचारू भइरहेका आगिम दिनमा नवीन ढंगले सम्पूर्ण कामकारबाहीहरू अगाडि बढाउन प्रेरित गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

निर्णय नं. २ :- प्रस्ताव नं. २ को विषयमा व्यापक छलफल गर्दा विषयगत समितिलाई पुर्णता दिने विषय तपशीलको समितिमा देहायअनुसार हुने निर्णय सम्मतिले पारित गरियो ।

तपशील :

नोट १ : सामाजिक विकास समिति

तारा बुढा केसी : संयोजक
बलबहादुर जैसी : सदस्य
ललि दमाई : सदस्य
शेरबहादुर वली : सदस्य
पविता बि.क. : सदस्य

नोट २ : पुर्वाधार विकास समिति

शेरू बि.क. : संयोजक
उर्द बहादुर पुरी : सदस्य
मनिषा बि.क. : सदस्य
धन बहादुर खत्री : सदस्य
लिला नेपाली : सदस्य

नोट ३ : सार्वजानिक सेवा समिति

सीता खड्का केसी : संयोजक
हर्क पुन : सदस्य
संगीता खत्री : सदस्य
तिलक खड्का : सदस्य
ज्योतिका परियार : सदस्य

नोट ४ : आर्थिक विकास समिति

मन बहादुर बादी : संयोजक
टीकाराम खत्री : सदस्य
दर्वे खत्री : सदस्य
बुद्धि कामी : सदस्य
तिलसरी परियार : सदस्य

नोट ५ : विपद व्यवस्थापन समिति

जनकुमारी खत्री : संयोजक
पल बहादुर खत्री : सदस्य
प्रविर सार्की : सदस्य
पविता सुनार : सदस्य
भद्र बहादुर वली : सदस्य

नोट ६ : विधेयक समिति

झरणा शाही : संयोजक
राम बहादुर जैसी : सदस्य
कुमार घर्ती : सदस्य
सामना खत्री : सदस्य
कर्ण बहादुर केसी : सदस्य

गाउँ कार्यपालिकाको कार्यालय, बाँफिकोट, रुकुम (पश्चिम), नेपाल २०७३

लोक बहादुर ... प्रमुख प्रशासकीय अधिकृत

प्रमाणीकरण मिति :- २०७४/१०/१४

**निर्णय नं. ३** :- प्रस्ताव नं. ३ को विषयमा व्यापक छलफल गर्दा योजना/आयोजनाहरूको भुक्तानी दिने विषयमा यस गाउँकार्यपालिकाको बैठकद्धारा पारित नागरिक बडापत्रबमोजिम हुने, ५ लाख सम्मको योजना/आयोजनाहरूको भुक्तानी नियमानुसार दिने साथै फरफारकको लागि बाँकि रकम उपभोक्ता समितिहरूबाट कट्टी नगर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**निर्णय नं. ४** :-प्रस्ताव नं. ४ को विषयमा व्यापक छलफल गर्दा यस गाउँपालिकाको लागि आवश्यक ऐन, नियमावली, कार्यविधि, निर्देशिका, दिग्दर्शन र कार्ययोजना निर्माणको विषयलाई नमुना कानुनसंग्रहको ढाँचालाई संशोधन,परिमार्जन गरि आवश्यक राय सुझावका साथ विधेयक समितिलाई जिम्मा दिने र सो समितिले कार्यपालिकाको बैठकमा पेश गर्ने र स्वीकृतीका लागि गाउँसभामा पेश गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**निर्णय नं.५** : प्रस्ताव नं. ५ को विषयमा व्यापक छलफल गर्दा यस गाउँपालिकाको शिक्षा नियमावली, २०७४को नियम २४(१) को अधिनमा रही तपशील बमोजिमको एक गाउँपालिका शिक्षा समिति गठन गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

तपशील

श्री धर्मबहादुर केसी,गापा अध्यक्ष्य : संयोजक

श्री तारा बुढा केसी, कार्यपालिका सदस्य : सदस्य

श्री विष्णु शर्मा ,महिला शिक्षक : सदस्य

श्री लिलाराम बि.क., कार्यपालिका सदस्य : सदस्य

श्री लोकबहादुर कुसारी, प्रमुख प्रशासकिय अधिकृत : सदस्य

श्री रत्नबहादुर केसी, सामुदायिक वि. प्रअ : सदस्य

श्री मन बहादुर केसी, संस्थागत वि. प्रतिनिधी : सदस्य

श्री डिलबहादुर कुसारी, शिक्षक अभिभावक संध : सदस्य

श्री भुपीलाल पौडेल , गुठी वि.प्रअ : सदस्य

,शिक्षा अधिकृत : सदस्य सचिव

बाँफिकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाँफिकोट, रुकुम (पश्चिम)
नेपाल
२०७३

लोक बहादुर कुसारी
प्रमुख प्रशासकीय अधिकृत

प्रमाणिकरण मिति:- २०७४/१०/१४

**निर्णय नं. ६** : -प्रस्ताव नं. ६ को विषयमा आवश्यक छलफल गर्दा यस गाउँपालिकामा स्वीकृत रिक्त दरबन्दी बाट बचत भएको श्रावण देखि माघ सम्मको (७) महिना सम्मको रकमबाट नियमानुसार गाउँपालिकाको उपाध्यक्ष्यको र कार्यालयको प्रयोजनका लागि एक मोटरसाइकल खरिद गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**निर्ण नं. ७** :- प्रस्ताव नं. ७ को विषयमा व्यापक छलफल गर्दा वडा कार्यालय सञ्चालन गर्ने प्रयोजनार्थ आजका मितिदेखि लागु हुनेगरि अधिकतम मासिक १०,०००।-(दश हजार मात्र) स्टेशनरी, बैठक खाजा र इन्धन समेतको खर्च गर्न चालु शिर्षकबाट संशोधन गरि रकमको सीमा तोक्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**निर्णय नं. ८** :- प्रस्ताव नं ८ को विविध विषयमा छलफल गर्दा तपशील हुने गरि निर्णय सर्वसम्मतिले पारित गरियो ।

तपशील :

नोट १ : स्थानीय तहले जलस्रोत ऐनको अधिनमा रही १० मेगावाट सम्म विद्युत आयोजना सञ्चालन गर्न पाउने भएकाले यस गाउँपालिकाभित्र रहेको जलस्रोतको सम्भाव्यता अध्ययन र प्रतिवेदन तयार गरि जलविद्युत दर्ता गर्ने निर्णय गरियो ।

नोट २ : नियमानुसार तोकिएको संस्थासँग त्यसको मापदण्ड अनुसार कार्य गर्ने गरि निम्नानुसारका झोपुहरू छनौट गर्ने निर्णय गरियो ।

१, बड्गाइखोला झोपु,बाँफिकोट ४ र ६

२, साधनमुरा झोपु, बाँफिकोट ४ र ९

३, ढारबाङ र डाडुगाउँ झोपु, बाँफिकोट ७

४, डार्नी पीपल र चिसापानी झोपु, बाँफिकोट १ र सिस्ने ७

५, डार्नेखोला झोपु, बाँफिकोट ३

नोट ३ : सार्वजानिक खरिद प्रक्रियालाई व्यवस्थित पारदर्शी र विश्वसनीय बनाउन देहायबमोजिमको सार्वजानिक खरिद अनुगमण तथा नियन्त्रण समिति गठन गर्ने निर्णय गरियो ।

श्री कबिराम खत्री : संयोजक

श्री मनबहादुर बादी : सदस्य

श्री झरणा शाही : सदस्य

नोट ४ : स्वास्थ्य इ सेवाका लागि ल्याव असिस्टेन्ट जोख बहादुर खत्रीलाई यस क्षेत्रका प्रतिनिधि सभा सदस्यज्युकहाँ सम्पर्कको लागि पठाउने निर्णय गरियो ।

नोट ५ : मिति २०७४/०९ नदीजन्य पदार्थको खुला बोलपत्र आव्हान भएपश्चात हालसम्म सो बोलपत्र स्वीकृत नभएकाले अव उपरान्त सम्बन्धित वडा कार्यालयलाई सोको व्यवस्थापन गर्ने जिम्मा दिने र वडा कार्यालयले व्यवस्थापन गर्दा जग्गाधनीलाई आम्दानीको २५ प्रतिशत छुट गरि ६० प्रतिशत कर्मचारी व्यवस्थापन सहित सम्बन्धित वडाकार्यालयलाई र ४० प्रतिशत रकम वडाकार्यालयले गाउँपालिकामा बुझाउने निर्णय गरियो ।

नोट ६ : घुम्ती पसलका व्यवसायीहरूले आफ्नो व्यवसाय सञ्चालन गर्दा आफ्नो व्यवसाय सञ्चालन गरेबापत गाउँपालिकाबाट तोकिएको व्यक्तिलाई रू २०० दिने र कर संकलनकर्तालाई संकलन भएको रकमको २५ प्रतिशत प्रदान गर्ने निर्णय गरियो । साथै यस गाउँपालिकाका तपशीलका सवारी साधनलाई देहायअनुसार कर लगाउने निर्णय पारित गरियो ।

तपशील :

| सवारी साधनको नाम | कर रकम |
|---|---|
| जीप/ट्याक्टर | रू १०० |
| बस | रू १५० |
| ट्रक | रू२०० |

लोक बहादुर कार्की
प्रमुख प्रशासकीय अधिकृत
प्रमाणिकरण मिति: २०७८/१०/१४

नोट ७ : राहत उपलब्ध गराइ पाउँ भनी यस गाउँपालिकाको कार्यालयमा प्राप्त हुन आएका निवेदनमाथि व्यापक छलफल गर्दा यस अघिको कार्यपालिकाको बैठकको निर्णयलाई मापदण्ड मानि भुक्तानी दिने निर्णय सर्वसम्मतिले गरियो ।

राहतको विवरण

| क्र.सं. | वडा नं. | नाम थर | घटना प्रकृति | राहत रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | ७ | टेकबहादुर खत्री | खुट्टाको क्यान्सर | २०,०००/- | |
| २. | ६ | जुना सार्की | क्यान्सर | २०,०००/- | |
| ३. | ३ | कटौजी खत्री | क्यान्सर | २०,०००/- | |
| ४ | ३ | बिर्खु जैसी | आगलागी घर | १०,०००/- | |
| ५. | ६ | लालसिंह घर्ती | आगलागी घर | १०,०००/- | |
| ६ | २ | लालसरी बस्नेत | मुटु रोगी | ८,०००/- | |
| ७ | २ | काली पौडेल | मुटु रोगी | ८,०००/- | |
| ८ | १० | मनबहादुर मल्ल | ढाड भाँचिएको | १०,०००/- | |
| ९. | ७ | चन्द्रबहादुर कामी | आर्थिक अवस्था कमजोर | ५,०००/- | |

[stamp: ...कोट गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, बाँफिकोट, रुकुम (पश्चिम), नेपाल, २०७३]

लोक बहादुर कुमारी
प्रमुख प्रशासकीय अधिकृत

प्रमाणिकरण मिति:- २०७४/१०/१४